वस्तुगत प्रश्नोत्तर

१. राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रधानमन्त्री केपी शर्मा ओलीलाई तेस्रोपटक प्रधानमन्त्री पदमा कहिले नियुक्त गरियो ?

- विक्रम संवत् २०७८ वैशाख ३० ।
- राष्ट्रपति विद्यादेवी भण्डारीले वैशाख ३१ गते प्रधानमन्त्री ओलीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको ।
- वैशाख २७ गते संसद्बाट विश्वासको मत नपाएपछि पदमुक्त ओली संविधानको धारा ७६ (३) अनुसार प्रधानमन्त्री नियुक्त ।
- संविधानको धारा ७६ (३) अनुसार ठूलो दलको हैसियतले प्रधानमन्त्री नियुक्त ओलीले एक महिनाभित्र पुनः संसद्बाट विश्वासको मत लिनुपर्ने व्यवस्था रहेको ।

२. भारतको औषधि डिफेन्स रिसर्च डेभलपमेन्ट अर्गनाइजेसन (डीआरडीओ) ले डाक्टर रेड्डिज प्रयोगशालासँगको सहकार्यमा विकास गरेको कोरोनाविरुद्धको औषधिको नाम के हो ?

- टु-डीजी (टु-डीअक्सी-डी-ग्लुकोज)
- भारतीय रक्षामन्त्री राजनाथ सिंह र स्वास्थ्यमन्त्री डा. हर्ष बर्धनले सन् २०२१ मे १७ मा 'टु-डीजी' (टु-डीअक्सी-डी-ग्लुकोज) औषधि सार्वजनिक गर्नुभएको ।
- धूलोका रूपमा प्याकेटमा आउने औषधि पानीमा घोलेर खान मिल्ने गरी उत्पादन गरिएको । शरीरका कोससम्म पुगेर औषधिले भाइरसको वृद्धि रोक्ने तथा ताकत बढाउने बताइएको ।
- यस औषधिलाई कोरोनाविरुद्ध सहायक उपचार विधिका रूपमा प्रयोग गरिने जनाइएको ।
- यस औषधिले कोरोना बिरामी छिटो निको हुने तथा अक्सिजनप्रतिको निर्भरता कम गर्ने दाबी गरिएको ।
- सन् २०२० अप्रिलमा गरिएको परीक्षणमा उक्त औषधि कोभिडविरुद्ध प्रभावकारी हुने पुष्टि भएपछि मेदेखि अक्टोबरसम्म दोस्रो चरणको क्लिनिकल परीक्षण गरिएको । त्यस्तै, सन् २०२० डिसेम्बरदेखि २०२१ को मार्चसम्म २ सय २० जना सङ्क्रमितमा तेस्रो चरणको क्लिनिकल परीक्षण गरिएको ।

३. नेपाल सरकारद्वारा स्वास्थ्य बीमा कार्यक्रम कहिलेदेखि सुरु गरिएको हो ?

- विसं २०७२ चैत २५ ।

४. झापाको भद्रपुरदेखि कञ्चनपुरको दोधारासम्म निमार्णाधीन हुलाकी राजमार्गको लम्बाइ कति छ ?

- एक हजार ६६३ किलोमिटर ।

५. निजी क्षेत्रको लगानीमा सम्पन्न नेपालको पहिलो जलविद्युत् आयोजना कुन हो ?

- खिम्ती जलविद्युत् आयोजना (६० मेगावाट) ।

६. नेपालमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र कहिलेदेखि लागू भएको हो ?

- विसं २०७० वैशाख २ ।

७. साउदी अरब सरकारद्वारा राजदूतमा नियुक्त पहिलो महिला को हुनुहुन्छ ?

- राजकुमारी रिमा विन्त वन्दार ।

८. वरिष्ठ साहित्यकार राजेन्द्र सुवेदीको निधन कहिले भयो ?

- विसं २०७८ जेठ ३ ।
- विसं २००२ साउन १९ गते पाँचथरमा जन्मिएका सुवेदीका कविता, निबन्ध, प्रबन्ध समालोचना आदि गरी तीन दर्जन पुस्तक प्रकाशित ।
- त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयमा ३७ वर्ष प्राध्यापन गर्नुभएका सुवेदी केन्द्रीय नेपाली विभागका पूर्वप्रमुख, गोरखापत्र संस्थानका पूर्वअध्यक्ष तथा महाप्रबन्धक हुनुहुन्थ्यो ।

९. ट्रान्सपरेन्सी इन्टरनेसनलको मुख्यालय कहाँ रहेको छ ?

- बर्लिन (जर्मनी) ।

१०. प्रिज्मको प्रयोग गरी सूर्यको प्रकाशबाट विभिन्न सात रङका किरण छुट्याउने प्रक्रियालाई के भनिन्छ ?

- प्रकाश विच्छेदन ।

११. 'हिप्पोक्याम्प' भनेको के हो ?

- एक खगोलीय पिण्ड ।
- क्यालिफोर्नियाको एसईटीआई इन्स्टिच्युटद्वारा हालै खोज गरिएको यो खगोलीय पिण्ड वरुण ग्रहको चन्द्रमा भएको दाबी गरिएको ।
- अन्यन्त चिसो पिण्ड 'हिप्पोक्याम्प' वरुणकै दोस्रो ठूलो चन्द्रमा प्रोटियसबाट टुक्रिएर बनेको हुन सक्ने खगोलशास्त्रीहरूको अनुमान रहेको ।
- हिप्पोक्याम्प पृथ्वीको चन्द्रमाको तुलनामा एक सयगुणा सानो रहेको वैज्ञानिकहरूले जनाएका ।

१२. नेपालका महत्त्वपूर्ण ९९ जडीबुटीको विवरण उल्लेख गरी राणाकालमा लेखिएको प्रसिद्ध पुस्तक कुन हो ?

- चन्द्रनिघण्टु ।

१३. विश्वमा फुटबलको आविष्कार कुन देशबाट भएको मानिन्छ ?

- चीन ।
- विश्वकै नम्बर एक प्रतियोगिताका रूपमा रहेको फुटबलको आविष्कार चीनमा ४७६ बीसी आसपास भएको मानिन्छ ।
- फुटबल खेललाई पहिलोपटक सन् १९३७ मा टीभीमा कभरेज गरिएको ।
- हरेक फुटबल खेलमा फुटबल खेलाडी औसत ९.६५ किलोमिटर दौडने ।

१४. संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक सङ्गठन (युनेस्को) ले हालै प्रकाशित गरेको प्रतिवेदनअनुसार निरक्षरको तुलनामा उच्च शिक्षा हासिल गरेका व्यक्तिको बसाइँ-सराइ सम्भावना कति बढी छ ?

- झन्डै चारगुणा ।

१५. नागरिक लगानी कोषको स्थापना कहिले भएको हो ?

- विसं २०४७ चैत ४ ।
- नागरिक लगानी कोष ऐन-२०४७ अनुसार राष्ट्रको आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहन गरी पुँजी वृद्धिका साथै लगानीका अवसर बढाउन तथा पुँजीबजारको विकासमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखी कोषको स्थापना भएको ।

- **प्रमुख उद्देश्य**
- स्वदेश तथा विदेशस्थित नेपाली नागरिकलाई कोषको कार्यक्रममा आबद्ध गर्ने ।
- सामाजिक सुरक्षणसम्बन्धी थप कार्यक्रम सञ्चालन गर्ने ।
- प्राथमिकता प्राप्त क्षेत्र (जलविद्युत् क्षेत्र, पूर्वाधार विकास, उत्पादनशील क्षेत्र, पर्यटन तथा निर्यात प्रवर्द्धन, पुँजीबजारका उपकरण) हरूमा लगानी गर्ने ।
- कोषको रकम न्यून जोखिमका क्षेत्रमा लगानी गर्ने ।
- बजार निर्माता तथा सेयरको थोक खरिद बिक्री (स्टक डिलर) गर्ने ।
- पुँजीबजार सेवाका उपकरण/औजार प्रभावकारी बनाउने ।

१६. काठमाडौँस्थित घण्टाघरको निर्माण कहिले गरिएको हो

- विसं १९५१ (वीरशमशेरको पालामा) ।

१७. नेपालमा 'स्वास्थ्य सेवा दिवस' कहिले मनाइन्छ ?

- फागुन १५ ।
- (नेपालमा विगत ६ वर्षदेखि हरेक वर्ष फागुन १५ गतेका दिन यो दिवस मनाइँदै आएको ।)

१८. नेपालको पहिलो महिला उपप्रधानमन्त्री को हुन् ?

- शैलजा आचार्य ।

१९. साउदी अरबले पहिलोपटक पर्यटकलाई प्रवेशाज्ञा दिने घोषणा कहिले गरेको हो ?

- सन् २०१९ सेप्टेम्बर २७ ।

२०. विषखेला पर्व कुन जातिमा प्रचलित पर्व हो ?

- सतार ।
- (विषखेला पर्व चौर वा खेलमैदानवरिपरि १० देखि १५ वटा समूहमा रहेका मन्त्र सिकेका समूहले मन्त्रमार्फत बाजागाजासहित आफूतिर विष लागेको मानिसलाई तान्ने प्रयास गर्छन् । यसरी जसले आफूतिर तानेर विष झार्न सक्छ, त्यो समूह वा समूहका धामी विजेता बन्ने चलन छ । सतारको मौलिक परम्परा र संस्कारका रूपमा रहेको यो पर्व विशेष गरी झापा जिल्लामा प्रचलनमा छ ।)

२१. सन् २०२१ को मिस युनिभर्सको उपाधि जित्ने सुन्दरी को हुन् ?

- एन्ड्रिया मेजा ।

- अमेरिकाको फ्लोरिडामा भएको मिस युनिभर्स प्रतियोगिताको ताज मेक्सिकोकी २६ वर्षीया एन्ड्रियाले पाउनुभएको । विश्वभरका ७० जना बढी सहभागीलाई पराजित गर्दै एन्ड्रिया ६९औँ मिस युनिभर्स बन्नुभएको । उहाँ पेसाले सफ्टवेयर इन्जिनियर रहनुभएको ।
- सन् २०२० को मिस युनिभर्स प्रतियोगिता कोरोना भाइरस महामारीका कारण पहिलोपटक रद्द भएको ।

२२. विश्व स्वास्थ्य सङ्गठनले नेपालको कुन स्वास्थ्य प्रतिष्ठानलाई आफ्नो सहकार्य केन्द्र (कोल्याबरेटिङ सेन्टर) का रूपमा मान्यता प्राप्त गरेको छ ?

- तिलगङ्गा आँखा प्रतिष्ठान (विसं २०७६ साउन ६) ।

२३. कुन चरालाई पत्नीव्रता चरा भनी चिनिन्छ ?

- राजधनेश ।

२४. नेपालमा सूचना प्रविधि पार्क कहाँ रहेको छ ?

- बनेपा (काभ्रे) ।

२५. नेपाल र बङ्गलादेशबीच दोहोरो कर मुक्तिसम्बन्धी सम्झौतामा कहिले हस्ताक्षर भएको हो ?

- विसं २०७५ फागुन २१ ।

२६. नेपालमा इन्टरनेट सेवा कहिलेदेखि सुरु भएको हो ?

- सन् १९९४ ।

२७. विश्व हिमोफिलिया दिवस कहिले मनाइन्छ ?

- अप्रिल ११ ।

२८. अर्थ आवर (हाम्रो पृथ्वी) अभियानको सुरुवात कुन देशबाट भएको हो ?

- अस्ट्रेलिया (सन् २००७ देखि) ।

२९. नेपालको कुन ठाउँलाई कान्छी नेपाल भनी चिनिन्छ ?

- डोटीको सिलगढी ।
(काठमाडौँसँग मेल खाने हावापानी भएकाले सिलगढीलाई कान्छी नेपाल पनि भन्ने गरिएको ।) ■

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

कर्मचारीतन्त्रका विशेषता

१. म्याक्स वेबरले वर्णन गरेका कर्मचारीतन्त्रका विशेषता उल्लेख गर्दै आधुनिक सार्वजनिक व्यवस्थापनमा यसको सान्दर्भिकताबारे लेखाजोखा गर्नुहोस् ।

- साङ्गठनिक संरचनामा आबद्ध भई वैधानिक अधिकारको विवेकपूर्ण प्रयोग गरी निर्धारित लक्ष्य हासिल गर्ने कर्मचारीको पेसागत समूह कर्मचारीतन्त्र हो । कर्मचारीतन्त्रका बारेमा धेरै विद्वान्ले कलम चलाए पनि जर्मनी समाजशास्त्री म्याक्स वेबरले यसलाई नजिकबाट उल्लेख गरेका छन् । उनले कर्मचारीतन्त्रको विशेषताबाट विषयवस्तु प्रस्ट पारेका छन् । म्याक्स वेबरले वर्णन गरेका कर्मचारीतन्त्रका विशेषतालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- **क. पदसोपानमा आधारित :**
- सङ्गठनका पदहरू तहगत शृङ्खलामा रहने, तहगत व्यवस्थाअनुरूप कर्मचारीलाई आदेश दिने, नियन्त्रण गर्ने, समन्वय गर्नेजस्ता कार्य गरिने, सङ्गठनको कार्य गर्दा कर्मचारीले तहगत व्यवस्थाको नियम पालना गर्नुपर्ने,
- **ख. योग्यता प्रणालीको अवलम्बन :**
- लिखित, मौखिक एवम् प्रयोगात्मक परीक्षाद्वारा योग्यता जाँच गरी कर्मचारी छनोट हुने, योग्यता, क्षमता, ज्ञान, सीप, अनुभवका आधारमा उपयुक्त जिम्मेवारी दिइने,
- **ग. ऐन नियममा आधारित :**
- कानुनका पूर्ण परिपालना गर्ने, ऐन नियमअनुसार कार्य गर्ने,
- **घ. अव्यैयक्तिक सेवा :**
- व्यक्तिले नभई संस्थाले सेवा गर्ने, कानुनका आधारमा निर्णय गर्ने, निष्पक्षता कायम गर्ने, कानुनका अगाडि सबै समान हुने,
- **ङ. निष्पक्षता र तटस्थता :**
- राजनीतिक रूपमा तटस्थ रही निष्पक्ष सेवा प्रवाह गर्ने, राजनीतिक आस्थाका आधारमा आग्रह पूर्वाग्रह नराख्ने, निष्पक्ष व्यवहार गर्ने, सत्तापक्ष र प्रतिपक्ष सबै राजनीतिक दलबाट टाढा रहने,
- **च. निरन्तरता :**
- तोकिएको उमेर तथा सेवा अवधिसम्म सेवामा रहिरहने, लामो समयसम्म सेवामा निरन्तर रहने हुँदा यसलाई स्थायी सरकारका रूपमा पनि लिइने,
- **छ. वृत्तिविकास :**
- देश र जनताको सेवा गर्ने कार्यलाई पेसाका रूपमा लिई त्यसैमा आफ्नो भविष्य सुनिश्चित गर्ने, नियुक्ति, सरुवा, बढुवा, सेवा सुविधा, अवकाशलगायत वृत्तिविकासका सबै पक्ष कानुनद्वारा निर्दिष्ट हुने,
- **ज. सक्षमता :**
- आपसमा कार्य विभाजन गरी कर्मचारीको क्षमताको अधिकतम उपयोग गरिने,
- **झ. लिखित अभिलेख :**
- कर्मचारीले गरेका सम्पूर्ण निर्णय तथा कार्यको लिखित रूपमा अभिलेख राख्ने, संस्थागत स्मरण कायम गर्ने,
- **ञ. अनुशासनको पालना :**
- कार्यालयमा अनुशासनमा रहने, मर्यादित व्यवहार गर्ने, तोकिएका आचरणको पालना गर्ने,
- आधुनिक सार्वजनिक व्यवस्थापनमा कर्मचारीतन्त्रको सान्दर्भिकता
- आधुनिक सार्वजनिक व्यवस्थापन मूलतः नतिजामुखी, पारदर्शी, मितव्ययी, सहभागितामूलक, जिम्मेवारी बोधलगायतका विशेषतायुक्त हुने गर्छ । यस्तो अवस्थामा प्रक्रियामुखी कानुनी कार्य गर्ने कर्मचारीतन्त्र आफैँमा ढिलासुस्ती हुने हुनाले वर्तमानमा यसको सान्दर्भिकताबारे विभिन्न प्रश्न आउने गरेको पाइन्छ । आधुनिक सार्वजनिक व्यवस्थापनमा कर्मचारीतन्त्रका राम्रा गुणको अनुशरण गर्ने र देखिएका कमजोरीमा सुधार गरेर यसको सान्दर्भिकता अझ बढाउन सकिन्छ । निम्नगुणले गर्दा यसको सान्दर्भिकता आधुनिककालमा पनि देखिन्छ :
- निष्पक्ष कार्यसम्पादन हुने,
- ऐन नियमको कार्यान्वयन हुने, समान व्यवहार हुने,
- सरकारको प्रतिनिधि भई जनताको नजिक रहेर सेवा प्रवाह हुने,
- राजनीतिक रूपमा तटस्थ र सेवा वितरणमा निष्पक्षता कायम हुने,
- आचरण र अनुशासनमा रहने,
- योग्यताको संरक्षण हुने, देश र जनताको निरन्तर सेवा गर्ने,
- स्थायी सरकारको प्रत्याभूति दिने,
- **कमजोर पक्षमा सुधार**
- छोटो कानुनी प्रक्रियाको अवलम्बन गरेर छिटोछरितो कार्य गर्ने,
- सरोकारवालाको सक्रिय र सार्थक सहभागिता अवलम्बन गरी सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने,
- कार्य प्रणालीमा आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी पारदर्शिता, मितव्ययिता, चुस्तता, सरलता एवम् गुणस्तरता वृद्धि गर्ने,
- अनियमितताको नियन्त्रण गरी सुशासन कायम गर्ने,
- निर्णय प्रक्रियामा सुधार गरी नतिजामा जोड दिने,
- कर्मचारीको वृत्तिविकासका पक्षलाई अनुमानयोग्य र पारदर्शी बनाउने,
- समयमा निर्णय नगर्ने तथा जिम्मेवारी पन्छाउने प्रवृत्ति अन्त्य गर्ने,
- निजी क्षेत्रका राम्रा पक्षको अनुशरण गर्ने,
- राज्य प्रणालीमा निजी क्षेत्र, नागरिक समाज, सञ्जार जगत्लगायत सबैको सहभागिता अभिवृद्धि गर्ने,
- निरन्तर सुधार गर्दै देखिएका कमीकमजोरी हटाउँदै जाने,
- अन्त्यमा, कर्मचारीतन्त्र साङ्गठनिक स्वरूप हो, जसले कानुनको पालना गराउँछ । राज्यको अस्तित्व र दायित्वसँग गाँसिएको कर्मचारीतन्त्र आफैँमा निरन्तरयोग्य छ । यद्यपि, यसमा देखिएका ढिलासुस्ती, अपारदर्शी, जटिल कार्य पद्धतिलगायतका कमीकमजोरीमा सुधार गर्दै यसलाई थप जीवन्त बनाउनुपर्ने देखिन्छ ।

२. व्यावसायिक संस्थामा वित्तीय विवरणको भूमिकाबारे चर्चा गर्नुहोस् ।

- कुनै निश्चित अवधिमा व्यावसायिक संस्थामा भएका कार्यसम्पादन परिणाम र सो अवधिको अन्त्यको यथार्थ आर्थिक अवस्था देखाउन तयार गरिने विवरण नै वित्तीय विवरण हो । यो व्यावसायिक संस्थाको कार्यप्रगति विवरण हो । यसबाट व्यावसायिक संस्थाको कार्यसम्पादन मूल्याङ्कन गर्न सकिन्छ । यसले सेयरधनी लगानीकर्ता, प्रबन्धकर्ता, साहु, कर्मचारी, कर्मचारी ट्रेड युनियन, सरकार तथा अन्य सरोकारवालालाई आवश्यक पर्ने सूचना प्रदान गर्छ ।

- **व्यावसायिक संस्थाको वित्तीय विवरण :**
- क. नाफा नोक्सान खाता/आय विवरण
- ख. वासलात
- ग. नगद प्रवाह विवरण
- व्यावसायिक संस्थाको विगत र वर्तमान अवस्था समीक्षा गर्दै भविष्यका लागि नीति तथा योजना बनाउने, वर्तमानमा कसरी सञ्चालन गर्नेलगायतका समग्र विषयमा वित्तीय विवरणले बहुआयामिक भूमिका खेल्छ । यसको भूमिकालाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :
- व्यावसायिक संस्थाको राम्रो पक्ष र नराम्रो पक्ष मूल्याङ्कन गर्न सहयोग गर्ने,
- व्यावसायिक संस्थाको आन्तरिक नियन्त्रणको अवस्था पहिचान गरी त्यसमा थप सुधार गर्न मद्दत गर्ने,
- सरकारले प्राप्त गर्ने राजस्व निर्धारण गर्न सहयोग गर्ने,
- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन भए नभएको यकिन गर्दै नियन्त्रण प्रणालीलाई थप बलियो बनाउन सूचना उपलब्ध गराउने,
- कर्मचारी तथा कर्मचारी युनियनका माग, आवश्यकता सम्बोधन गर्न र व्यवस्थापन तथा कर्मचारी युनियनबीच असल सम्बन्ध स्थापित गर्न सहयोग गर्ने,
- साहु तथा ऋणदातालाई व्यावसायिक संस्थाप्रति निर्णय गर्न आवश्यक पर्ने वित्तीय सूचना उपलब्ध गराउने,
- एकै प्रकृतिका व्यवसाय गर्ने व्यावसायिक संस्थाको कार्यप्रगति तुलना गर्न सहयोग गर्ने,

- व्यावसायिक संस्थाको आर्थिक अनुशासन तथा संस्थागत सुशासनलाई थप सशक्त बनाउन मद्दत गर्ने,
- भविष्यमा व्यावसायिक संस्थाको निरन्तरता, बिक्री वा खारेजी के गर्ने भन्नेबारेमा लगानीकर्तालाई निर्णय गर्न आधार प्रदान गर्ने,

३. निजामती सेवामा अनुशासनको महत्त्वबारे लेख्नुहोस् ।

- ऐन नियमअनुसार प्रदर्शन गरिने व्यवहार एवम् आचरण अनुशासन हो । यो व्यक्तिको स्वनियन्त्रण हो । यसको पालना नहुँदा कानुनी कारवाही हुने गर्छ । निजामती सेवा राष्ट्रनिर्माण गर्ने एक संयन्त्र हो । यो समाज परिवर्तनको संवाहक पनि हो । यसले मूलतः नियमित कार्य, आकस्मिक कार्य र विकासात्मक कार्य गर्छ । जनताको घरदैलोमा सेवा प्रवाह गर्नेदेखि राजस्व सङ्कलन, सोको खर्च, विदेशी सम्बन्धलगायतका कार्य गर्नुपर्ने हुन्छ । यी सबै कार्य गर्दा अनुशासनको आवश्यकता पर्छ । त्यसैले निजामती सेवामा अनुशासनको महत्त्व ठूलो हुने गर्छ । जसलाई निम्नबुँदाबाट उल्लेख गर्न सकिन्छ
- निजामती सेवाको लक्ष्य प्राप्तिमा सम्पूर्ण कर्मचारीलाई सामूहिक रूपमा उन्मुख गर्न,
- कर्मचारीबीच कार्यक्षमता र कार्यप्रभावकारिता अभिवृद्धि गर्न,
- कर्मचारीलाई जिम्मेवार र जवाफदेही बनाउन,
- निजामती सेवामा द्वन्द्व सिर्जना हुन नदिन,
- निजामती सेवाभित्र आचरणगत व्यवहारमा वृद्धि ल्याउन,
- गैरकानुनी कार्य गर्ने कर्मचारीलाई सचेत गर्न, चेतावनी दिन एवम् दण्डित गर्न,
- निजामती सेवामा कार्य गर्ने वातावरण असल बनाउन,
- समग्रमा निजामती सेवाको ख्याती वृद्धि गर्न

४. स्थायी लेखा नम्बर भनेको के हो ? छोटो परिचय दिनुहोस् ।

- करदाताको पहिचान दिने स्थायी सङ्केत अङ्कलाई 'प्यान' भनिन्छ । करदाताले व्यवसाय गर्ने स्थान, व्यवसायको प्रकृति वा अन्य विवरण बदले पनि यो एकपटक लिइसकेपछि सो करदाताका लागि सधैँभरि रहिरहने हुन्छ, त्यसैले यसलाई स्थायी लेखा नम्बर भनिएको हो । प्यान (पीएएन) को पूरा रूप 'पर्मानेन्ट अकाउन्ट नम्बर' हो । यो व्यवसाय, रोजगारी एवम् लगानीको पहिचान जनाउने नम्बर पनि हो । व्यक्तिका लागि यो कर तिर्ने प्रयोजनका लागि प्रयोग गरिन्छ । करमा यो व्यक्तिगत सूचना भण्डार गर्ने कार्यका लागि प्रयोग गरिन्छ । कम्प्युटर प्रणालीबाट सिर्जना हुने यो सङ्केत नौ अङ्कको हुन्छ । यसलाई विद्युतीय प्रणाली (इन्टरनेट) बाट पनि प्राप्त गर्न सकिन्छ, जसलाई इ-प्यान भनिन्छ । यसका लागि आन्तरिक राजस्व विभागको वेबसाइट धधधाप्चमानयखालउ मा गई तहाँ उपलब्ध अनलाइन फाराम भरी व्यक्तिगत एवम् व्यावसायिक इ-प्यान प्राप्त गर्न सकिन्छ । उद्योग, व्यापार, पेसा, व्यवसाय, रोजगारी गर्ने व्यक्तिले आफूले गर्ने कारोबार, बैङ्कसँग हुने बैङ्किङ कारोबार, आफूले जारी गर्ने बिल विजक, खाता बही, कागजात, आय विवरणलगायत करसम्बन्धी सम्पूर्ण विवरणमा प्यानको उल्लेख गर्न अनिवार्य भएकाले प्यान लिनुपर्छ । यो नम्बरले करदातालाई एउटा विशिष्ट सङ्केतद्वारा छुट्टै पहिचान दिने भएकाले आफ्नो व्यवसाय गर्न र सोमा सम्बद्ध राजस्व दाखिला गर्न यो प्यान लिएपछि सहज हुन्छ ।

५. नेपाल विद्युत् प्राधिकरणका अधिकार के-के हुन् ? लेख्नुहोस् ।

- विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्ति गर्न स्थापना गरिएको नेपाल विद्युत् प्राधिकरणका अधिकार निम्न छन् :
- ग्राहकबाट विद्युत् महसुल र सेवा शुल्क उठाउने,
- विदेशी मुलुकलाई विद्युत् बिक्री गर्ने,
- विदेशी मुलुकबाट विद्युत् खरिद गर्ने,
- विद्युत् प्राधिकरणको कोषमा रहेको रकम लगानी गर्ने,
- विद्युत्को अनाधिकार उपभोग नियन्त्रण गर्ने,
- निजी क्षेत्रबाट उत्पादित विद्युत शक्ति खरिद गर्ने,
- स्वदेशी संस्था बैंक वा व्यक्तिबाट ऋण लिने,
- विदेशी सरकार वा विदेशी संस्था र अन्तर्राष्ट्रिय संस्थाबाट ऋण लिने,
- आफ्नो काम र कर्तव्य पूरा गर्नका लागि अपरिहार्य र आवश्यक सबै काम गर्ने

६. विद्यालयमा शिक्षक तथा विद्यार्थीले पालन गर्नुपर्ने आचारसंहिता के-के हुन् ? उल्लेख गर्नुहोस् ।

- विद्यालय अध्ययन अध्यापन गर्ने गराउने पाठशाला हो । यसमा विद्यार्थी र शिक्षक दुवै अनुशासित हुनुपर्छ । त्यसैले विद्यालयमा शिक्षक तथा विद्यार्थीले पालन गर्नुपर्ने आचारसंहिताको व्यवस्था हुन्छ । यस्ता आचारसंहिताको पालन भए नभएको अभिलेख शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिले राख्नुपर्ने हुन्छ । आचारसंहिता पालन नभएको भए त्यसको विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनुपर्ने हुन्छ । विद्यालयमा शिक्षक तथा विद्यार्थीले पालन गर्नुपर्ने आचारसंहिता निम्नानुसार छन् :

- **शिक्षकले पालन गर्नुपर्ने आचारसंहिता :**
विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनुपर्ने,
- आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनुपर्ने,
- कुनै भाषा, सम्प्रदाय तथा धर्मविरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,
- सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,
- विद्यालय एवम् शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नुपर्ने,
- विद्यार्थीलाई शारीरिक तथा मानसिक यातना दिन नहुने,

- **विद्यार्थीले पालन गर्नुपर्ने आचारसंहिता :**
- शिक्षकको आज्ञापालन र आदर गर्नुपर्ने,
- विद्यालय र विद्यालयबाहिर जहाँसुकै अनुशासनमा रहनुपर्ने,
- राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त सधैँ प्रयत्नशील रहनुपर्ने,
- विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रूपमा भाग लिनुपर्ने,
- सबैसँग शिष्ट व्यवहार गर्नुपर्ने,
- विद्यालय व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचारसंहिता पालना गर्नुपर्ने । ■

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा

QUESTION BANK NEPAL